annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १८८ पृष्ठ ८ | काठमाडौं, बुधबार २८ कात्तिक २०८१ | कार्तिक शुक्लपक्ष द्वादशी नेपाल संवत् ११४५ | WEDNESDAY, NOVEMBER 13, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## लुम्बिनीको ध्यान टुक्रेमा, बहुवर्षीय आयोजना अलपत्र

केन्द्र सरकारले बजेटमा स्पष्ट भागबन्डा गरेको छ- ठूला आयोजना केन्द्र सरकार, मझौला प्रदेश सरकार र साना आयोजना स्थानीय तहले सञ्चालन गर्ने । तर, लुम्बिनी प्रदेश सरकार भने मझौला/बहुवर्षीय योजनाभन्दा 'टुक्रे योजना' मा रमाइरहेको छ । त्यसैकारण, बहुवर्षीय योजना बजेटको अभावमा अलपत्र छन् । आखिर, लुम्बिनी प्रदेश सरकार 'टुक्रे योजना' मा किन जोड दिइरहेको छ त ? जानकारहरू भन्छन्, 'आफन्त र कार्यकर्ता पोस्न ।' तर, यस्ता योजना न पूरा हुन्छन्, न प्रतिफल नै दिन्छन् । केवल भइरहेको छ त, राज्यको स्रोतको दोहन ।

**केशरराज क्षेत्री/गंगा खड्का** | *बुटवल*

**- को रिपोर्ट**

लुम्बिनी प्रदेशमा सडक र पुलतर्फ सञ्चालनमा रहेका बहुवर्षीय योजनाहरू

| जिल्ला | बहुवर्षीय योजना | सम्झौता रकम | हालसम्म भुक्तानीसहित सुनिश्चित रकम | अपुग रकम |
|---|---|---|---|---|
| रूपन्देही | ३८ | २ अर्ब ६४ करोड २७ लाख ६० हजार | १ अर्ब ७ करोड ७ लाख ६० हजार | ९१ करोड |
| कपिलवस्तु | २२ | १ अर्ब ४८ करोड ९४ लाख ७२ हजार | ९७ करोड ९० लाख १७ हजार | ५१ करोड ४ लाख ५५ हजार |
| अर्घाखाँची | ११ | १ अर्ब ४३ करोड २१ लाख २७ हजार | ७६ करोड ६८ लाख १३ हजार | १३ करोड ११ लाख ३२ हजार |
| बर्दिया | १७ | १ अर्ब २८ करोड ५७ लाख ८४ हजार | ८० करोड ५१ लाख ४० हजार | ७४ करोड ९४ लाख ७५ हजार |
| दाङ | २० | १ अर्ब २७ करोड ७ लाख २६ हजार | ६१ करोड ७ लाख १५ हजार | ६६ करोड ११ हजार |
| गुल्मी | १६ | १ अर्ब २० करोड ३२ लाख २९ हजार | ७८ लाख ७७ हजार २८ हजार | ३५ करोड ८८ लाख |
| पाल्पा | १८ | १ अर्ब २४ करोड ३९ लाख ११ हजार | ८९ करोड ७० लाख १५ हजार | ३४ करोड ६१ लाख ६५ हजार |
| प्यूठान | १० | ६२ करोड ८३ लाख ३८ हजार | ४८ करोड ८७ लाख १४ हजार | २१ करोड १८ लाख ६४ हजार |
| बाँके | ९ | ५१ करोड १५ लाख १२ हजार | ४२ करोड २८ लाख ९१ हजार | ११ करोड ६ लाख ८२ हजार |
| रोल्पा | ४ | ५० करोड ८६ लाख ८० हजार | ४० करोड २४ लाख ५० हजार | १३ करोड ६० लाख |
| पूर्वीरुकुम | ३ | ३६ करोड २ लाख ८७ हजार | ३० करोड ६१ लाख १० हजार | ५ करोड ६७ लाख २२ हजार |

*स्रोत : भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेश*

समाचार पृष्ठ २



कोप-२९ लाई राष्ट्रपतिको सम्बोधन

## 'हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा भन्ने नबिसौं'

**अन्नपूर्ण** | *बाकु*

राष्ट्रपति रामचन्द्र पौडेलले हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने कुरा ख्याल गर्न विश्व समुदायको ध्यानाकर्षण गरेका छन् । अजरबैजानको बाकु सहरमा सुरु भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि पक्ष राष्ट्रहरूको २९औं (कोप-२९) लाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले यस्तो बताएका हुन् । विश्वका नेताहरूको उच्चस्तरीय सत्रलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले पर्वतीय मुलुकका सेता हिमाल काला पहाडमा परिणत हुने क्रमले तटीय मुलुकलाई पनि संकट पुर्‍याउने बताए। 'हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने कुरा सबैले ख्याल गरौं,' पौडेलले भने, 'पर्वतीय मुलुकको सेता हिमाल काला पहाडमा परिणत हुने क्रमले ती मुलुकमा मात्र होइन तल्लो तटीय मुलुकहरूलाई संकटमा पुर्‍याउँछ भन्ने विश्वले बिर्सन हुन्न।' राष्ट्रपति पौडेलले हिमालदेखि समुद्रसम्मको एकीकृत र समष्टिगत अनुकूलन अवधारणालाई औपचारिक संवादको विषय बनाउनसमेत प्रस्ताव गरेका छन् ।

उनले नेपालले यसै अवधारणामा आधारित भई सगरमाथा संवाद कार्यक्रम सञ्चालन गर्न लागेको जानकारी गराए । गोलाबारुदमा खर्च भइरहेको ठूलो स्रोतसाधन जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीरकण गर्दै मानव सभ्यताको बचाउमा उपयोग हुनुपर्ने राष्ट्रपति पौडेलले बताए ।

'गोलाबारुदमा खर्च भइरहेको ठूलो स्रोतसाधन जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीरकण गर्दै मानव सभ्यताको बचाउमा उपयोग हुनुपर्दछ,' पौडेलले भने। उनले सम्मेलनबाट जलवायु न्याय, समता र क्षमताका आधारमा जलवायु वित्तका नवीन साझा परिमाणात्मक लक्ष्य निर्धारण गर्न र पृथ्वीको औसत तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्न ठोस प्रतिबद्धता गर्ने आशा प्रकट गरे। राष्ट्रपति पौडेलले हिमाली एवं अल्पविकसित मुलुकहरूलाई जलवायु न्याय एवं दिगो विकास सुनिश्चित गर्न सम्मेलनले ठोस प्रतिबद्धता गर्ने बताए ।


उनले जलवायु परिवर्तनको मारबाट पृथ्वीनै संकटमा रहेको बताए। उनले विशेष गरी गरिब, अल्पविकसित, विकासशील तथा साना टापु मुलुकहरू यसको पीडाबाट बढी प्रभावित रहेको बताए । 'नगन्य कार्बन उत्सर्जन गर्ने तर व्यापक नकारात्मक असर भोग्नुपर्ने विरोधाभासपूर्ण अवस्थाबाट नेपाल गुज्रिरहेको छ', राष्ट्रपति पौडेलले भने। उनले नेपाल अहिले पनि जलवायुजन्य प्रकोपको आलो पीडामा रहेको जानकारी गराए। हालैको बाढी-पहिरो तथा हिमताल बिस्फोटनलगायतका विपद्‌बाट सयौं मानिसको मृत्यु र अर्बौंको भौतिक क्षति भएको र त्यसको पुनर्लाभ र पुनःस्थापना अझ भइनसकेको राष्ट्रपति पौडेलले जानकारी दिए। 'विश्व समुदायको हित र पृथ्वीको रक्षाका लागि नेपालले प्राकृतिक स्रोतसाधनको उपयोगमा अनुशासन कायम राख्दै कार्बन उत्सर्जन न्यूनीकरणको महत्वाकांक्षी एनडीसी योजना कार्यान्वयन गरिरहेका छौं,' पौडेलले भने, 'वन क्षेत्र बढाएका छौं। स्वच्छ ऊर्जा उत्पादन र आपूर्तिमा जोड दिएका छौं तथा अरू थुप्रै प्रयासहरू भएका छन् ।'

उनले प्रयासका तुलनामा जलवायु परिवर्तनको असर व्यापक रहेको बताए। 'हाम्रा प्रयासका तुलनामा जलवायु परिवर्तनको असर व्यापक रहेकाले हाम्रा सामु धेरै चुनौतीहरू छन् जसको सामना गर्न हाम्रो क्षमताले पुग्दैन,' उनले भने । जलवायु अनुकूलन र उत्सर्जन न्यूनीकरणका लागि भनेर गरिबी निवारणमा छुट्ट्याएको बजेट कटौती गर्नुपरेको पौडेलले बताए।

उनले भने, 'यसबाट हामीहरू झन अन्यायमा परेका छौं। यसका लागि प्रदूषकले प्रदूषणबापतको क्षतिपूर्ति तिर्नुपर्ने सिद्धान्त व्यवहारमा लागू गर्नुको साथै उत्सर्जन घटाउनु पनि पर्छ।' राष्ट्रपति पौडेलले जलवायु वित्त कोषमा घोषणा गरिएको रकम अपुग भएको बताए। उनले भने, 'जलवायु वित्त कोषहरूमा घोषणा गरिएको रकम अपुग त छँदै छ, घोषणा गरिएको रकम पनि जम्मा हुन नसक्नु, जम्मा भएको रकम पनि झन्झटिलो प्रक्रियाले गर्दा लक्षित समुदायमा सहज पहुँच हुन नसक्नु दुःखद् छ।' राष्ट्रपति पौडेलले जलवायु जोखिममा परेका विकाशील राष्ट्रलाई दिने गरी स्थापना भएको हानिनोक्सानी कोषलाई छिटो सञ्चालनमा ल्याउन आह्वान गरेका छन्।

'हिमाल, स्वच्छ पानी र जैविक विविधताको संरक्षणमा योगदान गर्ने नेपालजस्तो मुलुकको योगदानको मूल्यांकन र सोको भुक्तानीमा जोड दिन चाहन्छु', राष्ट्रपति पौडेलले भने । उनले जलवायु वित्तबाट सञ्चालन हुने कार्यक्रम अनुदानका रूपमा राज्यकोषमार्फत सञ्चालन गर्नु उपयुक्त हुने बताए। 'पेरिस सम्झौताको बाध्यकारी व्यवस्था र विकसित राष्ट्रको प्रतिबद्धताअनुरूप प्रविधि हस्तान्तरण र क्षमता विकासमा यथेष्ट अनुदान रकम प्रदान गरिनुपर्दछ', राष्ट्रपति पौडेलले भने।

» बाँकी पृष्ठ ६



- सेता हिमाल कालामा परिणत हुने क्रमले पर्वतीय मुलुक मात्र होइन तटीय मुलुकमा संकट
- गोलाबारुदमा भइरहेको खर्च मानव सभ्यताको बचाउमा उपयोग हुनुपर्छ ।
- जलवायु परिवर्तनको असर व्यापक रहेकाले हाम्रा सामु धेरै चुनौतीहरू छन् जसको सामना गर्न हाम्रो क्षमताले पुग्दैन ।
- जलवायु जोखिममा परेका विकाशील राष्ट्रलाई दिने गरी स्थापना भएको हानिनोक्सानी कोषलाई छिटो सञ्चालनमा ल्याउनुपर्छ ।

## हुम्लामा बिरामीले पनि पाउँदैनन् जहाजको टिकट

**नरजन तामाङ** | *हुम्ला*

हुम्ला नाम्खा–२ च्यादुकका ७८ वर्षीय दच्याम्जो तामाङ क्यान्सरका बिरामी हुन्। जति सक्दो चाँडो उपचार गर्न चिकित्सकले सुझाव दिए। उपचारका लागि नेपालगञ्ज जान सिमकोट विमानस्थल पुगे। ५ दिन धाए। तर, जहाजको टिकट पाएनन्। एकातिर, क्यान्सरको पीडा, अर्कोतिर टिकट नपाउँदाको सास्ती। बल्ल-बल्ल मंगलबार नेपाल एयरलाइन्सको टिकट पाएपछि तामाङको अनुहार उज्यालो भयो। 'यति धेरै कष्ट पायौं कि भनिसाध्य छैन,' छोरी पेमा तामाङले दुःखेसो पोखिन्। २१ गते सीता र समिट एयरलाइन्ससँग दुःखेसो पोख्दा पनि टिकट नपाएको पेमाले बताइन्।

राष्ट्रिय सडक सञ्जालसँग नजोडिएको हुम्लीका लागि बाहिरी जिल्ला जान जहाज एकमात्रै विकल्प हो। त्यसैकारण, जहाजको टिकटका लागि लुछाचुँडी हुन्छ। बिरामी, अशक्त र कोही नहुनेले त महिनौंसम्म पनि टिकट पाउँदैनन्। बिरामी, विद्यार्थी र असहायको त टिकट खोज्दैमा हप्तौंसमय खर्च हुन्छ। जिल्ला अस्पताल हुम्लाकी निमित्त कार्यालय प्रमुख डा. प्रतीक्षा भारतीले बुधबार सुर्खेतमा हुने तालिममा सहभागी हुनुपर्ने छ। तर, मंगलबारसम्म टिकट पाएकी छैनन्। सिमकोट विमानस्थल धाउन थालेको तीन दिन भइसकेको डा. भारतीले बताइन्।

नेपाल एयरलाइन्सले प्रत्येक फ्लाइटमा दुई सिट जिल्ला प्रशासन (सीडीओ) कार्यालयलाई छुट्ट्याउने गरेको छ। तर, उक्त टिकट सरकारी कर्मचारीले पनि नपाउने गरेको गुनासो गर्छन्। सहायक प्रमुख जिल्ला अधिकारी अमृतप्रसाद सुवेदीले मनपरि रूपमा उक्त टिकट बाँड्ने गरेको जिल्ला अस्पताल हुम्लाका एक चिकित्सकले गुनासो गरे।

कतिपय गम्भीर प्रकृतिका बिरामीलाई बाहिर लैजान सिफारिस गरिए पनि सहायक सीडीओ सुवेदीले टिकट नदिने गरेको जिल्ला अस्पतालका डाक्टरहरू बताउँछन्। सुवेदीले, 'यो हाम्रो अधिकार क्षेत्रको कुरा हो' भन्ने जवाफ दिए। हुम्लामा नेपाल एयरलाईन्ससँगै निजी क्षेत्रका सीता, समिट र तारा एयरलाइन्सले उडान गर्ने गरेका छन। तर, नियमित उडान नहुँदा दसैं-तिहार मनाएर कार्यक्षेत्र फर्किन खोजेका विद्यार्थी पनि अलपत्र परेको स्थानीयहरू बताउँछन्। दसैं-तिहारजस्ता चाडपर्व मनाउन विभिन्न सहरबाट घर फर्कन चाहने हुम्ली टिकट नपाएर सुर्खेत र नेपालगञ्ज एयरपोर्टमा अलपत्र पर्छन्। यस्तो सास्ती बर्सैनि बेहोर्नुपर्छ। यो दसैंमा पनि टिकट नपाएरै हुम्लीहरू नेपालगन्ज र सुर्खेतका एयरपोर्टमा अलपत्र परे।

सरकारी स्वामित्वको नेपाल वायु सेवा निगमको हुम्ला र सुर्खेत नियमित उडान छैन। त्यसैकारण हुम्लाका नागरिक लुम्बिनी प्रदेशको नेपालगन्ज भएर गाडीमा सुर्खेत झर्न बाध्य भएको चंखेली गाउँपालिका-१ का हीरा बोहराले बताए। नेपाल वायु सेवा निगमले सुर्खेतबाट पनि हुम्लामा उडान गर्नुपर्ने उनको भनाइ छ।



**५ दिनपछि जहाज टिकट पाएको नाम्खा गाउँपालिका–२ का दचाम्जो तामाङ सिमकोट विमानस्थलमा ।** ● नरजन तामाङ